

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १९४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन ११ गते बिहीबार ❑ 27 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## भ्रष्टाचारमा कांग्रेसको शून्यसहनशीलता नीति : कांग्रेस प्रवक्ता डा महत

**रासस**
काठमाडौं, १० साउन

नेपाली कांग्रेसका प्रवक्ता एवं अर्थमन्त्री डा प्रकाशशरण महतले भ्रष्टाचार र अनियमितताका सम्बन्धमा पार्टीको शून्य सहनशीलताको नीति रहेको बताउनुभएको छ।

यही साउन २ गते सुरु भई बुधबारसम्म केन्द्रीय कार्यसमितिको बैठकले गरेको निर्णयबारे जानकारी दिन कांग्रेस केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा उहाँले कांग्रेस सधैँ सुशासनका पक्षमा रहेको उल्लेख गर्नुभयो । कांग्रेसले सुशासनमा सधैँ अगुवाइ गरेको उल्लेख गर्दै उहाँले आफ्नो पार्टीले कुनै पनि दोषीलाई संरक्षण नगर्ने बताउनुभयो । कुनै पनि व्यक्तिलाई आरोप प्रमाणित नभएसम्म दोषी भन्न नमिल्ने उहाँको भनाइ थियो ।

कांग्रेसले तीनै तहको निर्वाचनमा बागी बनेर विजयी भएका पार्टीका नेता कार्यकर्ताको कारबाही फुकुवा गरेको उहाँले जानकारी दिनुभयो । यसैगरी कांग्रेसले पार्टीको महासमिति बैठक आगामी मङ्सिर ११, १२ र १३ गते काठमाडौँ गर्ने निर्णय गरेको उहाँले जानकारी गराउनुभयो । बैठकमा भएको खुला छलफलले पार्टी थप सुदृढ भएर अघि बढ्ने विश्वास व्यक्त गर्दै प्रवक्ता डा महतले कांग्रेसबारे जनतामा थप आकर्षण बढ्ने बताउनुभयो । बैठकमा प्रस्तुत साङ्गठिनक प्रस्तावलाई प्राप्त सुझावलाई समेटेर परिमार्जनसहित पारित गरिएको छ । प्रतिनिधिसभाको बुधबारको बैठकमा कांग्रेसका सांसद डा सुनिल शर्माले सुन तस्करी प्रकरणका सम्बन्धमा जिम्मेवारी लिँदै गृहमन्त्री र अर्थमन्त्रीको राजीनामा मागेको सम्बन्धमा प्रवक्ता डा महतले सांसद शर्माले आफ्नो अस्पताललाई स्वास्थ्य बीमा सुविधा पाउनका लागि आफूसँग पहल गरेको तर नपाएको झोँकमा जथाभावी बोलेको बताउनुभयो ।

साथै उहाँले आफू सो प्रकरणमा छानबिनका लागि सघाउन लागिपरेको उल्लेख गर्दै आफू सदैव भ्रष्टाचार र अनियमितताका सम्बन्धमा शून्य सहनशीलताका पक्षमा रहेको बताउनुभयो ।

## गण्डकी प्रदेशसभामा विषयगत समितिको नेतृत्वमा दलका आ-आफ्नै दाबी

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

गण्डकी प्रदेशसभामा विषयगत समिति गठनका लागि दलहरू आन्तरिक छलफलमा जुटेका छन् । प्रदेशसभाका चार समितिको नेतृत्वमा दलहरूले आ-आफ्नै दाबी अघि सारेका छन् । प्रदेशसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले दुई समितिको सभापति आफूले पाउनुपर्ने माग गरिरहेको छ।

सार्वजनिक लेखा समितिसहित दुई समितिको नेतृत्वमा प्रमुख प्रतिपक्षी नेकपा (एमाले)ले दाबी गरेको छ। सत्ता गठबन्धनको दोस्रो ठूलो घटक नेकपा (माओवादी केन्द्र)ले अर्थ तथा विकास समितिको सभापति आफूले पाउनुपर्ने जनाएको छ। नेपाली कांग्रेस गण्डकी प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक नन्दप्रसाद न्यौपानले प्रदेशसभाको सबैभन्दा ठूलो दलका हिसाबले समितिको सभापति लिनेमा कांग्रेसको दाबी स्वाभाविक भएको बताउनुभयो।

"सार्वजनिक लेखा समिति प्रमुख प्रतिपक्षीले पाउने कुरा पक्का जस्तै छ, यो संसदीय प्रचलन पनि हो, बाँकी तीन समितिको नेतृत्व कांग्रेस र माओवादी मिलेर टुङ्गो लगाउँछौँ", उहाँले भन्नुभयो । नेकपा एमाले संसदीय दलका प्रमुख सचेतक गोविन्दबहादुरनेपालीलेप्रदेशसभामा दलीय हैसियतअनुसार समितिको सभापति चयन हुनुपर्ने बताउनुभयो । "प्रदेशसभामा एमाले दोस्रो ठूलो दल हो, दुई समितिको सभापतिमा हाम्रो दाबी रहन्छ", उहाँले भन्नुभयो, "समिति गठनलाई छिटो टङ्ग्याएर प्रदेशसभालाई थप गतिशील र प्रभावकारी बनाउनुपर्छ।"

उहाँले अब सरकारले ल्याउने विधेयक विषयगत समितिमा छलफल भएपछि मात्र प्रदेशसभामा लैजानुपर्ने बताउनुभयो । माओवादी केन्द्र संसदीय दलका प्रमुख सचेतक कुसुम बुढाले समितिमा पठाउने सदस्यका विषयमा दलभित्र आन्तरिक गृहकार्य भइरहेको बताउनुभयो । उहाँले अर्थ तथा विकास समितिमा माओवादीको दाबी रहने बताउनुभयो । प्रदेशसभा सचिवालयका प्रवक्ता प्रेम सुवेदीले प्रदेशसभा बैठकले पारित गरेको प्रदेशसभा नियमावली सभामुखबाट प्रमाणीकरण भएपछि समिति गठनको प्रक्रिया अगाडि बढ्ने बताउनुभयो । "एक/दुई दिनभित्रैमा सभामुखज्यूबाट प्रदेशसभा नियमावली प्रमाणीकरण हुन्छ, त्यसपछि सभामुखज्यूले समिति गठनको प्रस्ताव गर्नुहुन्छ", उहाँले भन्नुभयो, "अहिले सदन स्थगित छ, अबको बैठकमा समितिको विषयले प्रवेश पाउँछ, अब विषयगत समिति गठनमा ढिलाइ हुँदैन ।" प्रदेशसभा नियमावली समयमा नबन्दा दोस्रो कार्यकाल सुरु भएको सात महिनापछि बल्ल विषयगत समिति गठन हुन लागेको हो । 'मिनी ससंद्'ले चिनिने विषयगत समिति गठनमा ढिलाइ हुँदा सरकारले ल्याउने विधयक दोहोरो बहस र छलफलबिनै सोझै प्रदेशसभा बैठकबाट पारित हुँदै आएको थियो । प्रदेशसभा सदस्यहरू नै कानुन निर्माणका अभ्यासमा भाग लिन पाएका थिएनन्।प्रदेशसभा नियमावलीमा रहेको प्रावधानअनुसार विषयगत समितिको गठन प्रक्रिया अगाडि बढ्ने प्रवक्ता सुवेदीले बताउनुभयो । "सभामुखज्यूले समितिका सदस्यको सङ्ख्या तोक्नुहुन्छ, अनि दलहरूबाट समितिमा बस्ने सदस्यहरूको नाम माग्नुहुन्छ", उहाँले भन्नुभयो, "गठन भएको समितिले नै पछि सभापति चयन गर्छ, पहिलो बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा बस्छ।" सरकार फेरबदललगायत राजनीतिक घटनाक्रमले प्रदेशसभा नियमावली मस्यौदा समितिको काम प्रभावित हुँदा विषयगत समिति गठन पनि पछाडि धकेलिँदै आएको थियो । नियमावलीमा चार विषयगत समितिको व्यवस्था छ। पहिले रहेका विषयगत समितिका नाम र कार्यविभाजनमा हेरफेर गरिएको छ। प्रदेशसभा अब अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, प्रदेश मामिला तथा कानुन समिति र सामाजिक विकास तथा कृषि समिति रहनेछ। पहिलेको विधायन समिति हटाइएको छ भने सामाजिक विकास तथा कृषि समिति नयाँ थप भएको हो। विसं २०७४ को प्रदेशसभा नियमावलीमा व्यवस्था भएबमोजिम प्रदेशसभाको अघिल्लो कार्यकालमा विधायन, सार्वजनिक लेखा, अर्थ तथा विकास र प्रदेश मामिला गरी चारवटा विषयगत समिति क्रियाशील थिए।

## नेकपा (एमाले) गण्डकी प्रदेशको प्रशिक्षक प्रशिक्षण शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

नेकपा (एमाले) गण्डकी प्रदेशको प्रशिक्षक प्रशिक्षण कार्यक्रम कास्कीको लुम्लेमा बुधबारबाट शुरु भएको छ।

सो प्रशिक्षणको पार्टीका उपमहासचिव एवं केन्द्रीय स्कुल विभाग प्रदिप ज्ञवालीले उद्घाटन गरेका हुन । ज्ञवालीले पार्टी खुल्दैमा नयाँ नहुने बताएका छन् । 'पार्टी खुल्दैनमा नयाँ हुँदैन,' उनले भने,'नवीनतम् विचार र सिद्धान्तले पार्टी नयाँ हुनु पर्दछ।'

नेकपा एमाले गण्डकी प्रदेश कमिटीले कास्कीको अन्नपूर्ण गाउँपालिकाको लुम्लेमा आयोजना गरेको गण्डकी स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रममा बोल्दै ज्ञवालीले समृद्धिको अभियान बोक्ने पार्टी एमाले भएको दाबी गरे । समृद्धिको अभियान बोक्ने पार्टी बनाउन र एमालेको विचारलाई



जनतासम्म पुर्याउन प्रशिक्षक प्रशिक्षण कार्यक्रम आयोजना गरिएको बताए। 'पार्टीको भौतिक उपस्थिति डिभाइस हो भने पार्टीको विचार सफ्टवेयर हो,' उनले भने,' समय अनुसार अपडेट हुन सकिएन भने आउटडेटेड भइन्छ, नेता कार्यकर्तालाई अपडेट गराउन यस्ता प्रशिक्षण आवश्यक पर्दछ ।' उनले अहिलेको गठबन्धन सरकार उद्देश्यविहीन रहेको जिकिर गरे। 'विचार विहीन गठबन्धनमा न माओवादी, माओवादी जस्तो देखिन्छ न नेपाली कांग्रेस, कांग्रेस जस्तै देखिन्छ, यो सरकारबाट समृद्धि सम्भव छैन ।' सत्ताको लागि मात्र गरिएको गठबन्धनले जनताको इच्छा र चाहना पूरा गरेर देशलाई समृद्ध बनाउन नसक्ने उनको ठोकुवा छ।

पार्टी संगठन निर्माण, सन्चालन र व्यवस्थापन बिषयमा खगराज अधिकारी, राजनीति दलहरुको तुलनात्मक अध्ययन बिषयमा इश्वरी रिजाल,नेपालको संक्षिप्त इतिहास तथा नेपाली समाजको चरित्र र विकासक्रम बिषयमा प्रा.डा. विश्वकल्याण पराजुलीले प्रशिक्षण दिएको सो पार्टीले उल्लेख गरेको छ।

गण्डकी स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रममा एक निर्वाचन क्षेत्रबाट एक जना र जिल्ला कमिटीबाट एक जना गरी ४७ जनाको सहभागिता रहेको छ।

तीन दिनसम्म चल्ने प्रशिक्षणमा एमालेका नेताहरु प्रदीप ज्ञवालीसहित मायानाथ अधिकारी, नवराज शर्मा, राधाकृष्ण लामिछाने लगायतले गरी १० वटा विषयमा प्रशिक्षण दिने कार्यक्रम रहेको नेकपा एमाले गण्डकी प्रदेश कमिटीका प्रचार तथा प्रकाशन बिभाग प्रमुख एबम उपसचिब रश्मि आचार्यले जानकारी दिए।

## सुन तस्करी प्रकरणबारे छलफल, छानबिन गर्न उच्चस्तरीय समितिको माग

**रासस**
काठमाडौं, १० साउन

प्रतिनिधिसभाको बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले सुन तस्करी प्रकरणको छानबिनका लागि उच्चस्तरीय समिति गठन गर्न माग गरेको छ। बुधबारको बैठकको प्रारम्भमै एमालेका सांसद आसनबाट उभिएर विरोध जनाएपछि सभामुख देवराज घिमिरेले सो पार्टीका प्रमुख सचेतक पदम गिरीलाई बोल्न समय दिनुभएको थियो।

प्रमुख सचेतक गिरीले अन्तर ाष्ट्रिय विमानस्थलमा विदेशमा श्रम गरेर आउने जनताका एक सेट मोबाइल र सानो टुक्रा सुन पनि जफत गरिने गरेको तर सोही विमानस्थलबाट क्विण्टल सुन गैरकानुनीरुपमा कसरी भित्रियो भनी विरोध जनाउनुभयो । उहाँले भन्नुभयो, "यसअघि ३३ किलो सुन भित्रियो र घटना सेलाएको थियो । पछि एमालेको सरकार बनेको बेला छानबिन सुरु भएको र घटनामा संलग्न दर्जनौं व्यक्ति पक्राउ परेका थिए। अहिले विमानस्थलको सुरक्षा व्यवस्था कमजोर बनाइएको छ ।" पछिल्लो समय सुन तस्करी प्रकरणमा सत्ता पक्षका कतिपय नेताको नामै किटेर तस्करी प्रकरणमा जोडिएको आरोप लगाउँदै उहाँले सरकारले छानबिन गरी सामान्य व्यक्तिलाई पक्राउ गरेको तर नेताहरु नै उम्किने गरेको टिप्पणी गर्नुभयो। यही साउन ३ गते एक क्विण्टल बढी सुन अवैधरुपमा विमानस्थलबाट भित्रिएको र गोदाममा केही दिन राखेर सेटिङमा सुन बाहिर निकालिएको विषय सार्वजनिक भएको उल्लेख गर्दै उहाँले राजस्व अनुसन्धान विमागले बरामद गरेको सुनमा सरकारका अधिकारीको मिलेमतो रहेको हुनसक्ने ठोकुवा गर्नुभयो । प्रमुख सचेतक गिरीले यस प्रकरणमा संसद्बाट उच्चस्तरीय छानबिन समिति बनाउन माग गर्दै त्यसको सुनिश्चितता नभएसम्म संसद् चल्न नदिने बताउनुभयो । साथै उहाँले यस्तो अवस्थामा गृहमन्त्री कुर्सीमा बस्न योग्य नभएकोसमेत बताउनुभयो । एमालेका सांसद आसनमा उभिएकै अवस्थामा सभामुखले नेपाली कांग्रेसका सांसद डा सुनिल शर्मालाई बोल्न समय दिनुभएको थियो। सांसद शर्माले अनुसन्धान सहज बनाउन तथा दोषी पत्ता लगाउन सरकारसँग आग्रह गर्नुभयो । सोही क्रममा सुरु भएको आकस्मिक समयमा नेकपा (माओवादी केन्द्र) का सांसद देवेन्द्र पौडेलले सो प्रकरणमा छानबिन प्रक्रिया अघि बढेको बताउँदै अहिले नै आत्तिनु नहुने बताउनुभयो। उहाँले दोषीलाई कारबाही गर्न छानबिन सुरु भएका बेला सांसद खुसी हुनुपर्ने होइन र भनी प्रश्न गर्नुभयो। साथै उहाँले सहकारीले गरेको अनियमितताका सम्बन्धमा पनि छानबिन गरी कारबाही गर्नुपर्ने माग गनुभयो । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद रवि लामिछानेले कर्मचारीको भ्रष्टाचारका ठूला प्रकरणमा सम्बन्धित कर्मचारीलाई बर्खास्त नगरी सरुवा किन गरिन्छ भनी प्रश्न गर्नुभयो। उहाँले यस्ता भ्रष्टाचार र अनियमितताका सम्बन्धमा जरासम्मै पुगेर अन्तिम टुङ्गोमा लगाउन आग्रह गर्नुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद राजेन्द्र लिङ्देनले एक क्विण्टल सुन गैरकानुनीरुपमा एकै दिनमा भित्रिएको प्रकरणका सम्बन्धमा उचित छानबिन गरी घटनाको जरासम्म पुग्न माग गर्नुभयो। साथै उहाँले नेपाल सुन तस्करीको ट्रान्जिट बन्न लागेको भन्दै सुरक्षा व्यवस्था कडाइ गर्न सरकारसँग माग गर्नुभयो। उहाँले नेपाली सेनाको सर्ुयाका बारेमा किन बहस भइरहेको छ भनी प्रश्न गर्दै सेनाको मनोबल उच्च बनाउन आवश्यक रहेकामा जोड दिनुभयो। खर्च मितव्ययिताका लागि हो भने सर्वप्रथम जनप्रतिनिधिको संख्या घटाउनुपर्ने उहाँको भनाइ थियो। जनता समाजवादी पार्टीका सांसद प्रदीप यादवले तराईमा एकातिर खानेपानीको समस्या र अर्कोतिर बाढी डुबानको समस्या बढेको बताउँदै भन्दै समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो। जनमत पार्टीका सांसद अब्दुल खानले वैदेशिक रोजगारीमा गएका नेपालीको शव नेपाल ल्याउन नसक्ने नेपाली राजदूतावस किन राख्ने भनी प्रश्न गर्नुभयो। बैठकमा सांसद रामप्रकाश चौधरी, प्रेम सुवाल, सुशिला थिङ, ईश्वरी घर्ती, छिरिङ ल्यामु लामा (तामाङ), ज्ञानबहादुर शाहीलगायतले जलजिविकाका सवालमा सरकारको ध्यानाकर्षण गराउँदै ठूला भ्रष्टाचार र अनियमितताका प्रकरणको सम्बन्धमा निश्पक्ष र प्रभावकारी छानबिन गरी दोषीलाई कडा कारबाही गर्न माग गर्नुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेन्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# चिउली पाचे तमु समाजको स्थापना दिवसमा बहुउद्देश्यीय ट्रस उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

कास्की जिल्लाको ऐतिहासिक गाँउ सिक्लेस र पार्चेबाट पोखरा आई बसोबास गर्ने तमुहरुको साझा संस्था चिउली पाचे तमु समाज पोखराको स्थापना दिवस, ३८ औं वार्षिक साधारणसभा, १३ औं अधिवेशन तथा नवनिर्मित बहुउद्देश्यीय ट्रसको बुधवार उद्घाटन गरिएको छ । विसं.२०४२ साल साउन १० गते स्थापित समाजको स्थापना दिवस, वार्षिकसाधारणसभा, अधिवेशन साथै ट्रसको पुर्वमन्त्री एवम गण्डकी प्रदेश सभा सदस्य बेदबहादुर गुरुङ(श्याम)ले उद्घाटन गर्नुभएको हो ।

प्रदेश सभा सदस्य गुरुङको निर्वाचन क्षेत्र, सामाजिक विकास कार्यक्रम २०७९/०८० अर्न्तगत विनियोजित २० लाख रुपैया र चिउली पाचे तमु समाजबाट ७ लाख १९ हजार गरी कुल २७ लाख १९ हजार लागतमा निर्मित व्याडमिण्टन कोर्ट ट्रसको उद्घाटन गर्नुहुदै सिक्लेसीहरुलाई गाउँ फर्कन आव्हान गर्नुभयो । सिक्लेस विश्वभर चिन्ने गाँउ, तमुहरुको पहिचान, गुरुहरु घर एवम आफैमा ब्राण्ड हो गाँउलाई हरभरा बनाउन सके कोही विदेशिन नपर्ने उहाँको भनाई थियो । पैसा मात्र होइन स्वाभिमानका साथ आफ्नो गाँउको विकास, गाँउमै आयआर्जन, युवालाई रोजगार दिनसक्छौं भन्नुहुदै मौलिकता बोकेको गाँउहरुबाट मान्छे पलायनले मौलिकता, पहिचान, भाषा, कला, सँस्कृतिक सबै लोप हुदै जाने भएकाले जनसंख्या एवम जनशक्तिको धेरै महत्व भएकाले तमुहरुले सल्लाह गरौं,गाँउ फर्को उहाँको भनाई थियो । मादी गाँउपालिका अध्यक्ष देवी जंग गुरुङले शुभकामना व्यक्त गर्नुहुदै विकास जति गाँउतिर, गाँउहरु रित्तिदै गएको भन्दै दुखेसो व्यक्त गर्नुभयो । हालको जनगणनाले मादी गाँउपालिकाबाट दश वर्षमा ७ हजार भन्दा बढी जनसंख्या घटेकाले बजेट पनि घटेको, विद्यालयहरु न्युन विद्यार्थी रहेको, गााउमा जन्ती, मलामी पनि नपाएन अवस्था आएको भन्दै गाँउ फर्कन उहाँको पनि आग्रह थियो । उहाँले मादी गाँउपालिकाको गौरबको योजनाका बारेमा जानकारइ गराउनुहुदै सेवा ग्राहीलाई पोखरामै झरेर पनि नियमित सेवा प्रदान गरिरहेको र वडाअध्यक्षहरुले पनि त्यसरी नै सेवा पुर्याइरहेको बताउनुभयो । चिउलीपाचे तमु समाजलाई ५ लाख रुपैया वजेट छुट्याउने भन्नुहुदै मादी १ र २ को सिमाको विषयमा अहिले वडादेखि प्रतिनिधिसभासम्म त्यही क्षेत्रका जनप्रतिनिधीहरु भएकाले टुङ्ग्याउने दावी गर्नुहुदै अहिले नटुङ्गिए कहिल्यै नटुङ्गिने बताउनुभयो । कार्यक्रममा सम्मानित मादी गाँउपालिका उपाध्यक्ष कल्पना गुरुङले शुभकामना व्यक्त गर्नुहुदै गाँउपालिकाले यसैवर्षबाट वडा १ र २ मा मातृभाषा गुरुङ भाषामा पठनपाठन शुरु गर्ने, पोखरामा महिनाको अन्तिम हप्ता गाँउपालिकाले नियमित घुम्ती शिविर राख्ने, विदुर भक्ता दिने, पुर्ण अपाङ्गको सुसारेलाई मासिक १ हजार भक्ता दिने, जेष्ठ नागरिक, सुत्केरी, अपाङ्ग लाई एकतर्फी वर्षमा ३ पटकसम्म निशुल्क एम्बुलेन्स सेवा दिने, पालिकाका विद्यार्थीहरुलाई पालिका भित्रै १० जोड २ निशुल्क शिक्षा प्रदान लगायतको सेवा सुविधा दिने बताउनुभयो ।

तमु धिं नेपालका अध्यक्ष हुमबहादुर गुरुङले शुभकामना व्यक्त गर्नुहुदै नेपालमा संघीयताकै कारण चिउली पाचे तमु समाजले पटक पटक योजना, गाँउहरुमा विकास भईरहेको बताउनुभयो । मादी गाँउपालिका वडा नं.१ का वडाध्यक्ष देवी जंग गुरुङले शुभकामना व्यक्त घर घरमा पुगी र पोखरामा चिउली पार्चे तमु समाजबाट दुइदुइ महिनामा नियमित सेवा प्रदान गर्दै आइरहेको बताउनुभयो । उहाँले आफ्नो वडाले राजश्व बृद्धि, मृतकहरुको नाममा जम्मा भएको ७० लाख बृद्ध भत्ता नेपाल सरकारलाई फिर्ता पठाएको, मादी १ र २ मा गुरुङ भाषामा पठन पाठनका लागि कार्यपालिकाबाट निर्णय गरिएको, दुइ वडा विचको सिमाका बारेमा असमझदारीलाई समझदारीमा पुर्याइने बताउनुभयो । समाजकाअध्यक्षक्या.सम्सेरगुरुङको अध्यक्षतामा भएको कार्यक्रममा गोर्खाली रेडियोका स्टेशन मेनेजर खिमा गुरुङ, सल्लाहकार ङ्याए तमु धिं का पुर्व अध्यक्ष जंगबहादुर गुरुङ, खिलाङ गुरुङ समाजका हेमबहादुर गुरुङ, पुरस्कृत विद्यार्थी निशा गुरुङ, सिक्लेस पार्चे समाज युकेका पुर्व अध्यक्ष कोलप्रसाद गुरुङ, आमा समिति अध्यक्ष लोककुमारी गुरुङ लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा विभिन्न शिक्षा अक्षयकोषबाट एसइइ उत्कृष्ठ विद्यार्थीहरु जेसिका गुरुङ र फलेन्द्र गुरुङ, उत्कृष्ठ अंकसहित १० जोड २ उतिर्ण सजल गुरुङ र निलिमा गुरुङ, उच्च शिक्षा हासिल गरेका निशा गुरुङ र कुशल गुरुङलाई बधाई तथा पुरस्कृत गरिएको थियो । यसरी नै शिक्षा अक्षयकोषका लागि शिक्षिका मनकुमारी गुरुङले १ लाख ५ रुपैया, स्व.खुमाया गुरुङ आमाको स्मृतिमा छोरा गमबहादुर गुरुङ, छोरी खासामाया गुरुङ लगायत परिवारबाट १ लाख ५ रुपैयाको हस्तान्तरण गरिएको थियो भने विभिन्न सहयोगीहरुले समाज र आमा समितिलाई सहयोग हस्तान्तरण गरिएको थियो । उक्त कार्यक्रममा चिउली पाचे तमु समाज आमा समितिले निवर्तमान आमा समिति कर्णेलनी पदमशोभा गुरुङको अध्यक्षतामा रहेको कार्यसमितिलाई सम्मान गरेको थियो भने समाजले नयाँ सदस्यहरुलाई स्वागत गरिएको थियो । समाजका सचिव एकप्रसाद गुरुङले संचालन र उपाध्यक्ष क्या.लोककृष्ण गुरुङले स्वागत गर्नुभएको कार्यक्रममा समाजका कलाकारहरुलाई मौलिक नृत्यहरु प्रस्तुति गरेका थिए । यसैबिच चिउली पाचे तमु समाज पोखराको १३ औं अधिवेशनले पुनः क्या.सम्सेर गुरुङको अध्यक्षतामा १९ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको छा समाजको उपाध्यक्षमा क्या. लोक कृष्ण गुरुङ, सचिवमा सु.कर्णबहादुर गुरुङ, कोषाध्यक्षमा सु.पमबहादुर गुरुङ, सहसचिवमा उमरसुबा गुरुङ, सहकोषाध्यक्षमा मेनसुबा गुरुङ चयन हुनुभएको छ । यसरी नै सदस्यहरुमा बीरबहादुर गुरुङ, एकप्रसाद गुरुङ, सुबेदार मेजर जित बहादुर गुरुङ, पेउबहदुर गुरुङ, सु.बेलबहादुर गुरुङ, खुशीमान गुरुङ, क्या. फौदा सिं गुरुङ, क्या. ईमान सिं गुरुङ, मिन बहादुर गुरुङ, सु.खमन बहादुर गुरुङ, ना.सु.खम्बासिँ गुरुङ, हुमन सिं गुरुङ र सिता गुरुङ निर्विरोध निर्वाचित हुनुभएको निर्वाचन समितिका संयोजक जंगबहादुर गुरुङले जानकारी दिनुभयो ।



फोटो प्रदर्शनीः
नेपाल-भारत मैत्री संघ कास्कीद्वारा पोखरामा दुई सय वर्ष अघि नेपाल र भारतका पुराना राज्य किल्लाहरुको बुधबारबाट आयोजित दुई दिने फोटो प्रदर्शनीको अवलोकन गर्दै विद्यार्थी । तस्बिरः ऋषिराम बराल / रासस

# प्रदेश खेलकुद परिषद्द्वारा खेलकुद संघसँग अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

प्रदेश खेलकुद परिषद् गण्डकीले प्रदेश खेलकुद सङ्घसँग मङ्गलबार बृहत् छलफलसहित अन्तरक्रिया गरेको छ ।

विभिन्न ३० भन्दा बढी खेल सङ्घको सहभागिता रहेको कार्यक्रममा प्रदेशको खेलकुद विकासका लागि खेल सङ्घसँगका विभिन्न समस्याका बारेमा छलफल गरिएको परिषद्का सदस्य सचिव श्रीधर शर्माले जानकारी दिनुभयो । परिषद्द्वारा अघि सारिएका कार्यक्रम सफल बनाउने र खेल सङ्घलाई व्यवस्थित गर्ने लगायतका विषयमा छलफल भई निर्णय गरिएको उहाँले बताउनुभयो । खेल सङ्घका समस्या र चुनौतीका बीच खेलकुदको समग्र विकासलाई अघि बढाउने विषयमा भएको छलफलले आगामी दिनमा हुने योजना कार्यान्वयनमा सहजतासँगै निकासका लागि बाटो खुल्ला गरेको शमाले बताउनुभयो । कार्यक्रममा सहभागीले प्रदेश खेलकुद विकास ऐन, २०७७ अनुसार तदर्थ समिति गठन गर्न निकै कठिनाइ उत्पन्न भएको बताउँदै उक्त समस्या समाधानका लागि परिषद् लाई पहल गर्न आग्रह गरेका थिए । प्रदेश खेलकुद सङ्घ गठन भइसकेका सङ्घको अद्यावधिक साधारणसभासहित प्रदेश खेलकुद परिषद्मा दर्ता वा नवीकरण गर्न तथा दर्ता हुन बाँकी खेल सङ्घले तदर्थ समिति दर्ता र परिषद्ले सङ्घसँग आवश्यक समन्वय गरी सहजीकरण गर्न आग्रह गरिएको थियो । परिषद्ले सूचीकृतका लागि आह्वान गरेका रेफ्री, जज, एम्पयार, खेल प्राविधिक, प्रशिक्षक र खेल प्रशिक्षण केन्द्रको सूचीकरण गर्न सङ्घहरूले सहयोगको प्रतिबद्धता व्यक्त गर्दै गण्डकी प्रदेशमा स्थापना हुने खेलाडी कल्याणकारी कोषमा रकम वृद्धिका लागि समेत प्रतिबद्धता जनाएका थिए । त्यस्तै सहभागीले जिल्लास्थित खेल सङ्घको अनुगमन, खेलकुदको विकास, विस्तारका लागि समन्वय गर्दै अघि बढ्नेसमेत प्रतिबद्धता व्यक्त गरेको परिषद्ले जनाएको छ । कार्यक्रममा आव २०७९/८० मा सम्पन्न विभिन्न खेलकुद प्रतियोगितालगायत कार्यक्रमको समीक्षा गर्दै भएका कमजोरीको समेत सुधार गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरिएको छ । कार्यक्रममा प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष धोजकुमार गुरुङले कार्यक्रमले परिषद् र खेल सङ्घबीचको सम्बन्धलाई थप सुमधुर बनाउन भूमिका खेल्ने बताउनुभयो । खेल सङ्घ बलियो भएसँगै सुशासनयुक्त भए मात्रै खेल विकासले गति लिने उहाँले बताउनुभयो । प्रदेश खेलकुदका कार्यकारी सदस्यद्वय दिलबहादुर गुरुङ, ऋषिराम गौतम, कार्यालय प्रमुख तोपलाल भुसाल, क्षेत्रीय खेलकुदका प्रमुख लक्ष्मणप्रसाद योगीलगायतले खेलकुदको विकासमा खेल सङ्घको भूमिकालगायतमा बोल्नुभएको थियो ।


## लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

- लामखुट्टेको टोकाईबाट औलो(मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
- घरवरीपरी पानी जम्न नदिऔं ।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौं ।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।

लामखुट्टेको टोकाईबाट बचौ र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# प्रहरी वरिष्ठ नायब निरीक्षक पौडेलको कुटपिटपछि हत्या

**पोखरापत्र संवाददाता**
बागलुङ, १० साउन

प्रहरी वरिष्ठ नायब निरीक्षक उज्ज्वल पौडेलको कुटपिटपछि हत्या गरेको खुलेको छ ।

बागलुङको बडिगाड गाउँपालिका-६ स्थित आशा होटल एण्ड खाजा घरमा सोमबार राति मृत भेटिएका पौडेलको हत्या होटल सञ्चालक आशा कुँवर र उनका छोरा विनोद कुँवरले गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको हो ।

सामान्य विवादको क्रममा होटल सञ्चालक कुँवरका आमा छोराले पौडेलको टाउकोमा मुक्का प्रहार गरी छातीमा लात्तीले हानेर बेहोस भएपछि कपडाले घाँटी कसेर हत्या गरेको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी नायब उपरीक्षक मदन केसीले जानकारी दिनुभयो । पौडेलको मृत्यु भएपछि उनले घाँटीमा लगाएको सुनको सिक्री निकाली भान्छा कोठाको दराजमा लुगाएको अवस्थामा फेला परेको प्रहरीले बताएको छ ।

प्रहरीले ५१ वर्षीय आशा र २० वर्षीय विनोदलाई मङ्गलबार घटनास्थलबाटै पक्राउ गरेको थियो ।

# संगम टोल बिकाश संस्थाका आमा समुहद्वारा ग्रेटर नेपालको नक्सा प्रदान

**पोखरापत्र संवाददाता**
बागलुङ, १० साउन

पोखरा महानगरपालिका वडा नं १३ संगम टोल बिकाश संस्थाका आमा समुहद्वारा वडा नं १३ का वडा अध्यक्ष किरण बराललाई उहाकै कार्यकक्षमा ग्रेटर नेपालको नक्सा हस्तान्तरण गरेका छन् ।

उक्त कार्यक्रममा संगम क्लबका अध्यक्ष नरेन्द्र गुरुङ टोल बिकाश संस्थाका अध्यक्ष धर्मराज पौडेल अल्पायु वडा १३ का वडाअध्यक्ष किरण बरालले ग्रेटर नेपालका बारेमा साथै टोल बिकाश संस्थालाई के कसरी सहयोग गरेर अगाडि लान सकिन्छ भन्ने बारेमा बोल्नुभयो ।

संगम टोल बिकाश संस्थाले देशप्रतिको प्रगाढ माया हरेक नेपालीमा जागरुक हुनपर्दछ भन्ने



सन्देश थपेको छ अल्पायुले थप्नुभयो ।


यसै अबसरमा आमा समुह की अध्यक्ष ज्ञानु गुरुङले हातमा फुल दिएर स्वागत गर्नुभयो । यसैगरी कार्यक्रम संचालन टोल बिकाश संस्थाकी सचिव तुलसी थापामगरले संचालन गर्नुभयो भने टोल विकाशको उपाध्यक्ष कोषाध्यक्ष सल्लाहकारहरु संगम क्लबका सदस्यहरुको सहभागिता रहेको थियो ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । – नेपोलियन

## सम्पादकीय

# सुन तस्करीबारे छानबिन गर

त्रिभुवन विमानस्थलबाट सुरक्षा घेरा पार गर्दै सुन तस्करी हँदै आएको छ । गृह र अर्थ मन्त्रालयका विभिन्न संयन्त्र छन त्रिभुवन विमानस्थलमा । दुवै मन्त्रालय अन्तर्गत पर्ने सुरक्षा जाँच घेरा छलेर ठूला मात्रामा सुन तस्करी हुनु नेपालको बेइज्जती हो । सुन तस्करी प्रकरणमा उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्ने माग गर्दै प्रमुख प्रतिपक्षी नेकपा एमालेले संसद बैठकमा अवरोध जनाएको छ ।

बैठकमा एमाले सांसदहरुले सुन प्रकरणमा सरकारका मन्त्रीहरु नै सामेल भएको आरोप लगाउँदै उच्चस्तरीय छानबिन समिति गठनका लागि रुलिङ गर्न माग गरेका थिए । तर, सभामुखले शुन्य समयको कारवाही अघि बढाउन खोजेपछि एमाले सांसदहरुले वेल घेराउ गर्दै नाराबाजीमा उत्रिए ।एमाले अध्यक्ष केपी शर्मा ओलीले सुन तस्करी बारे एमालेले सरकारको जवाफ माग्ने बताउँदै आएका हुन । काङ्ग्रेसको केन्द्रीय समितिको बैठकमा प्रतिपक्षी एमाले आक्रमक रहेको विश्लेषण सुनाएका थिए । संसदको बैठक शुरु हुने दिनमा सरकारले नै सबै विवरण सुनाउनु पर्ने हो । अरुलाई नैतिकताको पाठ सिकाउने गृहमन्त्री नारायण काजी श्रेष्ठको अनुतरदायि अभिव्यक्तिले गर्दा विपक्षीलाई आक्रामक बनाएको हो ।

एमाले सांसदहरूको अवरोधपछि सभामुख देवराज घिमिरेले साउन १५ गते दिउँसो १ बजेसम्मका लागि बैठक स्थगित गरेको घोषणा गरेका छन । बुधबार प्रतिनिधिसभा बैठक सुरु हुनेवित्तिकै एमाले प्रमुख सचेतक पदम गिरीले अवैधरुपमा सुन आयात हुँदा गृहमन्त्री नारायणकाजी श्रेष्ठ मूकदर्शक भएको भन्दै सुन काण्डको नैतिक जिम्मेवारी लिनुपर्ने बताए । छ’तस्करहरूको लागि नेपाल लुटको स्वर्ग भइरहेको छ। आज जे हामी सुनिरहेका छौं त्यो सामान्य विषय होइन ।’ उनले यसअघि २०७४ माघको ९ गते ३३ किलो सुन नेपालमा भित्रिएको भन्दै त्यसको खोजि नभएको भन्दै आपत्ती जनाएका थिए ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार छलेर अवैधरूपमा नेपाल भित्रिएको १०० किलो बढि परिमाणको सुन राजस्व अनुसन्धान विभागले गत बुधबार सिनामंगलबाट बरामद गरेको थियो । रेडी ट्रेडर्सका नाममा हङकङबाट आयात भएको दुई पाङ्ग्रे सवारीको पार्टस् (ब्रेक सु)भित्र लुकाएर ल्याइएको सुन त्रिभुवन विमानस्थल बाहिर बरामद भएको हो । उक्त सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा प्रणाली र भन्सार छलेर कसरी बाहिर आइपुग्यो भन्नेबारे पनि राजस्व अनुसन्धान विभागले अध्ययन गरिरहेको छ । सोही प्रकरणमा संलग्न भएको आरोपमा हालसम्म १६ जना पक्राउ परिसकेका छन् । सरकारले यसबारे सदनलाई जानकारी नगराई बाहिर सस्तो प्रचार गर्ने बानीले सत्ता गठबन्धनलाई अप्ठ्यारोमा पारेको छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : आर्थिक समस्या |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाब |
| कन्या | : मन चञ्चल | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बन्दीपुरका १७ पर्यटकीय गन्तव्यको सूची सात भाषामा

**रासस**
दमौली, १० साउन

तनहुँको पर्यटकीय नगरी बन्दीपुर गाउँपालिकाले १७ पर्यटकीय गन्तव्यको सूची सात भाषामा तयार गरेको छ ।

गाउँपालिका र मदानी मिडिया प्रालिको सहकार्यमा उक्त सूचना सात भाषामा तयार गरिएको हो । ती सूचनाहरू अब गाउँपालिकाका विभिन्न स्थानमा ‘क्युआर स्क्यान’ गरी पढ्न तथा सुन्न सकिने भएको छ । बन्दीपुर घुम्न आएका पर्यटकहरूलाई पर्यटकीय गन्तव्यसम्म सहज पहुँच स्थापना गर्ने उद्देश्यसहित सहकार्य गरिएको बन्दीपुर गाउँपालिकाका प्रमुख सुरेन्द्र थापाले जानकारी दिनुभयो । मदानी मिडियाका अध्यक्ष विष्णुकान्त घिमिरेले क्युआर कोडसहितको सुचना गाउँपालिका अध्यक्ष थापालाई बुधबार हस्तान्तरण गर्नुभएको छ । गन्तव्यबारे जानकारीहरू नेपाली, अङ्ग्रेजी, चाइनिज, जापानिज, कोरियन, फ्रेन्च लगायतका भाषामा तयार पारिएको छ । बन्दीपुरको थानीमाई मन्दिर, मणि मुकुन्देश्वरी पर्खाल (मिनी ग्रेटवाल), विन्ध्यवासिनी मन्दिर, पद्य पुस्तकालय, पातलेद्वार गुफा, पहाड पानी, सहिद स्मारक पार्क लगायतका १७ पर्यटकीय गन्तव्यको सूचना फरक फरक भाषामा तयार भएको अध्यक्ष थापाले बताउनुभयो । सूचना हस्तान्तरण भएसँगै अब बन्दीपुर गाउँपालिकाका ती पर्यटकीय गन्तव्यहरू मदानी मिडियाअन्तर्गतको ‘टुरिजमपाना डटकम’मा पढ्न/हेर्न तथा सुन्न सकिने भएको छ । गाउँपालिकाका अध्यक्ष थापाले भन्नुभयो, “बन्दीपुरमा स्वदेशी तथा विदेशी पर्यटकको बाक्लो चहलपहल हुन्छ ।

विदेशी पर्यटकलाई पनि सहज होस् भनेर विभिन्न भाषामा सामग्री तयार गरिएको हो ।” बन्दीपुरमा विशेषगरी चीन, फ्रान्स, जर्मनबाट विदेशी पर्यटक आउने गरेका छन् । विदेशी पर्यटक यहाँको हावापानी, रहनसहन, रीतिरिवाज र पुरानो घर देखेर आकर्षित हुने गरेको व्यवसायी बताउँछन् । सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । जहाँबाट मनोरम हिमशृङ्खला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ । प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरि लगायतका हिमशृङ्खला देखिने भएकाले यहाँ पुग्ने जो कसैको मन लोभिने गर्दछ। बन्दीपुरमा होटल सङ्घसँग आबद्ध सानाठूला गरी ७७ होटल सञ्चालनमा छन् । बन्दीपुरमा ग्रिनपार्क, होटल दरबार हिमालय फेवा, गामघर, बोल्डइन, बन्दीपुर माउन्टेन रिसोर्ट, बन्दीपुर प्यालेस, मगर भिजेललगायत होटल सञ्चालन छ ।

भक्तपुरे शैलीमा निर्माण गरिएको घरहरू, टुँडिखेल, थानीमाई, तीनधारा, रानीवन, रामकोट, सुनखरी, खड्गदेवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्र लगायतका स्थलहरू यहाँ आउने पर्यटकहरूको आकर्षणको केन्द्रबिन्दु बन्ने गरेको छ । बन्दीपुरको पर्यटन प्रवर्द्धनका लागि गाउँपालिकाले पनि पहल गरिरहेको छ । बन्दीपुर आउने पर्यटकको बसाइ लम्ब्याउन विभिन्न पूर्वाधार निर्माण गरिएको छ ।

# म्याग्दीमा फापर र जुनेलो खेती लोप हुँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० साउन

म्याग्दीमा परम्परागत रुपमा उत्पादन हुँदै आएको फापर, जुनेलो र कोदो खेतीमा कमी आएको छ । कुनै बेला प्रशस्त उत्पादन हुने फापर, जुनेलो र कोदो खेतीमा किसानले रुचि देखाउन छाडेकाले उत्पादनमा कमी आएको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ। जुनेलो मुरली मकै देखिने अन्न हो ।

खासगरी मधुमेहका रोगी र वर्त लिएका मानिसले शुद्ध खानाका रुपमा प्रयोग गर्ने फापर लोप हुँदै गएको छ। जुनेलो र फापर लोप हुनाका कारण पत्ता लगाई किसानाई खेती गर्न उत्साहित बनाउनुपर्ने आवश्यकता देखिएको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख किरण सिग्देलले बताउनुभयो। विगतमा जिल्लाको पश्चिमी र उत्तरी क्षेत्रका गाउँमा व्यापक रुपमा उत्पादन हुने गरेको फापर, जुनेलो र कोदो हिजोआज खेती हुन छाडेकाले हराउँदै गएको स्थानीय किसान बताउँछन् । दश वर्षअघिसम्म वर्षमा आठ मुरीभन्दा बढी जुनेलो उत्पादन गर्ने गरेको मालिका गाउँपालिका-२ रुमका किसान डेकबहादुर विकले बताउनुभयो । “केही वर्षअघिसम्म म रुममा सबैभन्दा धेरै जुनेलो उत्पादन गर्ने किसानको रुपमा परिचित थिएँ”, उहाँले भन्नुभयो, “पछिल्ला केही वर्षयता यहाँका अरू किसानले पनि बिस्तारै यो खेती छाड्दै गएँ । दुई वर्षयतादेखि मैले पनि जुनेलो लगाउन पूर्णरुपमा छोडेको छु ।”

जुनेलो र फापर खेती लोप हुँदै जानुको प्रमुख कारण गाउँका युवा शक्ति शिक्षा र रोजगारीका लागि पलायन भएर अन्यत्र जानु, गाउँमा श्रम गर्ने शक्तिको खाँचो हुनु, युवा वर्ग यस खेतीमा आकर्षित नहुनु, कतिपय किसानले परम्परागत खेती गर्न छाड्दै जानुलगायत रहेको विकले बताउनुभयो । “केही वर्षअघिसम्म गाउँमा धान, कोदो र मकैभन्दा बढी जुनेलो उत्पादन हुन्थ्यो । अहिले जुनेलो खेती किसानले गर्न छाडेको छन्”, किसान चन्द्रबहादुर कार्कीले भन्नुभयो । गाउँमा एक किसानले पाँच-सात मुरीसम्म जुनेलो उत्पादन गर्नुका साथै दुई-चार मुरी फापर उत्पादन गरेर वार्षिक रू २० हजारभन्दा बढी आम्दानी लिने गरेका उहाँले जानकारी दिनुभयो । “विगतमा पम्परागत खेतीको प्रचलन थियो । काम गर्ने मजदुर प्रशस्त हुन्थे । गाउँघरका पाखाबारीमा फापर, जुनेलो, कोदोलगायत अन्न उत्पादन हुने गरेको थियो”, कार्कीले भन्नुभयो, “अहिले परम्परागत खेती हराउन थाल्यो । गाउँमा काम गर्ने मान्छे पनि पाउन छाड्यो । परम्परागत खेती विस्तारै सबैले छोड्दै गएँ ।”

गाउँघरमा सडक सञ्जाल विस्तार भएपछि तराईमा उत्पादन भएका चामल सहजै गाउँमा आउन थालेकाले गाउँमा परम्परागत खेती गर्नेको संख्या घट्न थालेको कृषक हरिकृष्ण पौडेलले बताउनुभयो । कोदो, फापरको ठाउँमा धान, मकै लगाउनाले पनि फापर खेती लोप हुँदै गएको उहाँको भनाइ थियो ।

युवा पुस्ता फापर, जुनेलो खेतीतर्फ आकर्षित हुन नसक्दा परम्परागत खेती लोप हुँदै गएको बेनी नगरपालिका-२ बगरफाँटका ८६ वर्षीय बेदप्रसाद उपाध्यायले बताउनुभयो। “बूढापाका बूढा हुँदै गए, हिजोआजका युवाले यो झन्झटिलो खेती गर्नै चाहँदैनन्”, उहाँले भन्नुभयो, “गाउँघरमा बाहिरबाट खाद्यन्न आउन थाल्यो । गाउँमा खेती गर्नेको सङ्ख्या कमी हुँदै गएकाले पनि जुनेलो, फापर जस्ता परम्परागत अन्नबाली लोप हुन थालेका हुन् ।”

पूर्वाधारको विकासका कारण गाउँगाउँमा सडक सञ्जाल विस्तार हुनु, गाउँका अधिकांश युवा शिक्षा, रोजगारी लगायतका लागि सहर पस्नु तथा विदेश पलायन हुनु र गाउँघरमा बूढापाकामात्र रहनुले पनि जुनेलो तथा फापर खेती लोप हुँदै गएको मङ्गला गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो । गाउँमा उत्पादन हुन छाडेपछि अन्यत्रबाट अन्न ल्याएर खानु परेको उहाँको भनाइ थियो ।

# ओडारमा बस्दै आएका राहुलको उद्धार

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० साउन

बेनी नगरपालिका-७ मा पर्ने कुरीलाखर्कको ओडारमा बस्दै आएका राहुल विकलाई आज उद्धार गरिएको छ ।

बेनी-अर्थुङ्गे सडकको छेउमा रहेको ओडारमा बस्दै आएका बेनी नगरपालिका-५ भिरमुनिका ५० वर्षीय विकलाई उद्धार गरिएको हो । बेनी नगरपालिकाको उपप्रमुख ज्योति लामिछानेले विकलाई ओडारबाट उद्धार गरेर मानव सेवा आश्रमको बागलुङ शाखामा लगिएको जानकारी दिनुभयो ।

“एक वर्षदेखि ओडारमा बस्दै आउनुभएका राहुलको अवस्था नारकीय थियो । धेरै पटकको प्रयासपछि आज आश्रममा जान मान्नुभयो”, उहाँले भन्नुभयो, “घरका सदस्य नभएका र सामाजिक बहिष्करणमा पर्नुभएका उहाँलाई पुनर्स्थापना नहुँदासम्म मानव सेवा आश्रममा राखेर उपचार गर्ने व्यवस्था मिलाएका छौं ।”

शारीरिक कमजोरीका कारण श्रम गर्न नसक्ने र मागेर ल्याएको खानेकुरा पकाएर खाने गरेका राहुललाई नगर उपप्रमुख लामिछाने र नगरप्रहरीको टोलीले उद्धार गर्नुभएको थियो । छोराहरुको मृत्यु, श्रीमतीले दोस्रो विवाह गरेको र आफन्तले हेला गरेपछि ओडारमा बस्न बाध्य भएका राहुलका बारेमा २०७९ साल फागुन ८ गते राससमार्फत समाचार सार्वजनिक भएको थियो । “शक्ति र उमेर हुँदासम्म ३५ वर्ष भारतमा काम गरे,” राहुलले भन्नुभयो, “उमेर घर्किएपछि गाउँ फर्कंदासाथ दिने कोही भएनन् । हेला गर्न थालेपछि घर छाडेर ओडारमा बस्नु परेको हो ।” उहाँले कन्दमूल खोज्ने र मागेर ल्याएको अन्नबाट दैनिकी चलाउने गर्नुभएको थियो ।

सो ओडर बेनीबजारदेखि करिब एक किलोमिटर नजिकको दूरीमा छ । सडकको कान्लामाथिको सानो ओडारमा फाटेका कपडा ओछ्याएर सुत्ने गरेका राहुलको शरीर चिसोले सुन्निएको छ । काम गर्न नसक्ने भएकाले कसैले दिएको तथा मागेर भेटेको आफैँले पकाएर खाने गरेका कुरिलाखर्कका सुरेश ढुङ्गानाले बताउनुभयो । “मेरो भैँसी फार्मसँगै जोडिएको ओडारमा बस्न थाल्नुभएको डेढ वर्ष जति भयो,” उहाँले भन्नुभयो, “काम गर्न सक्दिन । मलाई यही ठीक छ भन्दै अन्यत्र जान मान्नुभएको थिएन ।”

राहुल बस्दै आएको ओडारमा दिउँसोमा घाम लागे पनि रातमा चिसो हावा र पानीको बाछिटा सिधै छिर्छ । मागेर जुटाएको खाद्यान्न बाँदरबाट जोगाउनै हम्मे पर्ने राहुललाई रातमा चितुवाको डर रहेको थियो ।

## नामथर फरक परेको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं २८ साविक माझठाना-१ निवासी भारतीय भू.पू.सै.नं. 5436691 का हवल्दार दान बहादुर गुरुङको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर कृष्ण माया गुरुङ भएको र निजको सैनिक अभिलेखमा नामथर कृष्ण माया भएकोले उल्लेखित दुवै नामथर भएको व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध छ भनि कास्की जिल्ला पोखरा महानगरपालिका, २८ नं. वडा कार्यालयको च.नं. १२ मिति २०८०/०४/०७ को सिफारिस पत्रबाट लेखि आएकोले पेन्सन प्रयोजनको लागि नियमानुसार हुन अनुरोध छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



**जन्म:** २०११ बैशाख ७ गते

**स्वर्गारोहण:** २०८० श्रावण ४ गते

**स्व. सुरेस शाक्य**

हाम्रा आदरणीय मित्र रामबजार पोखरा –१० निवासी रामबजार ताया: मचा: नाच समिति रामबजार १०/१५ पोखराका सदस्य तारा शाक्यका पुजनीय पति सुमना गुरुङ, सोनापुर बुद्धाचार्य, सरिता शाक्य र संगित शाक्यका पुजनीय पिता समाजसेवी यस समितिका सहयोगी सदस्य **सुरेस शाक्य** को ६९ वर्षको उमेरमा भएको असामयीक स्वर्गारोहणले हामी रामबजारवासी अति मर्माहत भएका छौ । यस दु:खद घडिको आज आठौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नारायण श्रेष्ठ**
**कार्यवाहक अध्यक्ष एवं**
**रामबजार ताया: मचा: नाच समिति**
**रामबजार १०/१५ पोखरा परिवार**

